# दिगो गैह्रकाष्ठ वन पैदावार व्यवस्थापनका सवाल र अग्रगामी बाटो[1]

**हरिशरण लुईंटेल, मणिराम बञ्जाडे, हरिराज न्यौपाने र राजकुमार पाण्डे**

गैह्रकाष्ठ वन पैदावार (गै.का.व.पै) ले नेपाली अर्थतन्त्र र खासगरी ग्रामीण गरिबहरुको घरायसी अर्थ उपार्जनमा महत्वपूर्ण टेवा पुऱ्याएको छ (भट्टराई र साथीहरु २००३, एडवाडस् १९९६) । स्रोतको अवस्था, आर्थिक दक्षता, बजार विकास र स्रोतको वितरणमा न्यायोचितता जस्ता विषयहरु गै.का.व.पै को दिगो व्यवस्थापनका लागि महत्वपूर्ण छन् । गै.का.व.पै.को दिगो व्यवस्थापनको लागि पारिस्थितिकीय सन्तुलन, आर्थिक सम्भाव्यता र सामाजिक स्वीकार्यतालाई सन्तुलित रुपमा विचार गर्नु पर्दछ । प्रस्तुत लेखले गै.का.व.पै. को दिगो व्यवस्थापनका सवालहरुलाई नेपालको परिवेशमा विश्लेषण गर्नुका साथै गरिबी न्यूनीकरण र स्रोतको दिगो व्यवस्थापन गर्नका लागि आवश्यक नीतिगत संरचनामा सुधार गर्नुपर्ने पक्षहरुको प्रस्ताव गर्दछ ।

## नेपालमा गैह्रकाष्ठ वन पैदावारको अवस्था र यसको भूमिका

नेपालमा पाइने ७,००० प्रजाति बोटविरुवा मध्ये २,००० जति प्रजाति औषधीजन्य गुण भएका पाइएका छन् जसमध्ये करिब १,४६३ प्रजाति स्थानीय तवरमा प्रयोगमा आएका छन् (श्रेष्ठ र श्रेष्ठ, १९९९) । कतिपय ग्रामीण भेगका जनताहरु जीविकोपार्जनका लागि तुलनात्मक रुपमा च्याउ, कुरिलो, यार्शागुम्वा जस्ता वनजन्य जडीवुटीहरु र कन्दमूलमा आश्रित छन् । झण्डै ९०% ग्रामीण जनताहरु जडीबुटीमा आधारित परम्परागत औषधोपचारमा भर पर्दछन् । केही अध्ययनहरुले देखाएको तथ्याङ्कमा गै.का.व.पै. को व्यापारीक सङ्कलनमा लगभग ४,७०,००० घरधुरी संलग्न छन् (ओल्सेन १९९८) । त्यसैले हालका वर्षहरुमा ग्रामीण जनताको जिविकोपार्जनमा गै.का.व.पै.को भूमिका बढेको छ भने यसको व्यापारबाट सरकारले समेत उल्लेख्य राजस्व सङ्कलन गरेको छ ।

## दिगो गैह्रकाष्ठ वन पैदावार व्यवस्थापनको अवधारणा

विगतमा वन तथा वन्यजन्तुको संरक्षण खाली राजा, महाराजाको शिकारका लागि गरिन्थ्यो । पछि आएर काठ उत्पादनका लागि वन संरक्षणको अवधारणा आयो जसलाई धेरैजसो वन प्राविधिक एवम् कर्मचारीले दिगो वन विकासको रुपमा सोचे । हाल आएर दिगो वन विकासको अवधारणाले पहिलेको अवधारणाको साथसाथै पर्यावरणीय तथा आर्थिक-सामाजिक सवालहरुलाई समेत जोडेर हेरेको पाइन्छ । गै.का.व.पै.को दिगो व्यवस्थापन एउटा गतिशील प्रक्रिया हो जसले पर्यावरणीय, आर्थिक तथा सामाजिक पक्षद्वारा सिर्जित जटिलतालाई समेट्छ । जब हामीले गै.का.व.पै.को दिगो व्यवस्थापनको कुरा गर्छौं तव यसको उत्पादनलाई प्रभाव पार्ने पारिस्थिकीय उत्पादनशीलता, आर्थिक सम्भाव्यता र सामाजिक स्वीकार्यतालाई ध्यान दिनु पर्दछ । पारिस्थिकीय प्रणालीमा प्रत्येक प्रजातिको महत्वपूर्ण भूमिका हुने हुँदा पर्यावरणीय सवालमा यसको दिगोपनालाई महत्वका साथ हेरिन्छ । तसर्थ गै.का.व.पै. व्यवस्थापनमा वनको उत्पादन क्षमता, पुनरोत्पादनको संभाव्यता तथा निकाल्न सकिने उत्पादनलाई आधार मानिन्छ । आर्थिक दृष्टिकोणले गै.का.व.पै.को व्यवस्थापन अधिकतम उत्पादन तथा लाभ पाउने हुनु पर्दछ (पौडेल २००४) । सामाजिक दृष्टिले समाजका मूल्य, मान्यता र व्यवहारसँग मिल्दो जुल्दो प्रविधिको विकास तथा प्राप्त लाभको न्यायोचित बाँडफाँटद्वारा गै.का.व.पै.को दिगो व्यवस्थापनतर्फ जान सकिन्छ । गै.का.व.पै.को दिगो

---

[1] प्रस्तुत लेख अंग्रेजी भाषामा चौथो राष्ट्रिय सामुदायिक वन गोष्ठीमा प्रस्तुत गरिएको लेखबाट साभार तथा अनुवाद गरी तयार गरिएको हो ।

व्यवस्थापनले वर्तमान पिंढीको जीविकोपार्जनलाई टेवा दिंदै भविष्यको पिंढीलाई समेत स्रोतहरु उपलब्ध गराउने, ग्रामीण विकासमा योगदान दिने, विभिन्न चाहना भएका सरोकार समूहहरुलाई समेट्ने तथा वातावरण संरक्षण र जीविकोपार्जनमा योगदान पुऱ्याउँदै अघि बढ्ने दीर्घकालीन सोच राखेको हुन्छ ।

## गैह्रकाष्ठ वन पैदावार व्यवस्थापनको जटिलता

गै.का.व.पै. विभिन्न किसिमका हुन्छन् जस्तैः रुख, लहरा, झाडी, बुट्यान आदि । त्यस्तै प्रयोग गरिने भागहरु पनि फरक-फरक हुन्छन् । कुनै विरुवाको पुरै भाग गै.का.व.पै. को रुपमा प्रयोग हुन्छ भने कुनैको निश्चित भाग मात्र (जरा, काण्ड, फल, फूल, पात, बोक्रा, जराका बोक्रा, रेसा, बिउ, भुवा, धुप आदि) प्रयोग हुन्छ । त्यस्तै कतिपय गै.का.व.पै. लामो समयसम्म भण्डारण गर्न नसकिने तथा कुहिएर खेर जाने हुन्छन् भने कतिपय अपेक्षाकृत लामो समयसम्म भण्डारण गर्न सकिने हुन्छन् । कतिपय प्रजातिहरुको गुण सङ्कलन गरिने समय र तरीकाका आधारमा समेत फरक पर्ने हुन्छ (ओझा र भट्टराई २००३) । त्यसैले गै.का.व.पै. को व्यवस्थापनको लागि आवश्यक पर्ने तौर तरिका, साधन, माध्यम आदिमा विविधता हुनु जरुरी छ । यी विभिन्न खालका विविधताले गै.का.व.पै. को व्यवस्थापनमा जटिलता थपेका छन् ।

गै.का.व.पै. को व्यवस्थापनमा विभिन्न सरोकारवालाहरु जस्तै स्थानीय समूदाय, सरकारी तथा गैह्र सरकारी संस्था, दातृ निकाय र निजी व्यवसायिक क्षेत्र सम्लग्न छन् । यी सरोकारवालाहरुका रुची, ज्ञान, शक्ति सम्बन्ध तथा स्वार्थहरुमा विविधता हुने हुनाले सहभागिमूलक गै.का.व.पै.को दिगो व्यवस्थापनको लागि यिनीहरु बिच सम्झौता भई सहकार्य हुनु जरुरी हुन्छ । यिनीहरुको बिचको सम्झौता तथा सहकार्य आफैमा एउटा गतिशिल तथा जटिल प्रक्रियाहो जसले स्रोत व्यवस्थापनका लागि थप चुनौति तथा अवसर थप्दछ ।

## दिगो गैह्रकाष्ठ वन पैदावारको व्यवस्थापनका सवालहरु

यहाँ गै.का.व.पै.को दिगो व्यवस्थापनका सवालहरुलाई पारिस्थिकीय, आर्थिक र सामजिक गरी तीन पक्षमा बाँडेर विश्लेषण गर्ने प्रयास गरिएको छ।

### पारिस्थिकीय सवालहरु

गै.का.व.पै. को उचित व्यवस्थापनका लागि आवश्यक पर्ने प्रजातिजन्य जानकारीहरु जस्तैः प्रजातिको उपलब्धता, पाइने क्षेत्र, त्यसको मात्रा, वृद्धिदर, उत्पादनशीलता, पुनरोत्पादन सम्भाव्यता, पर्यावरणीय आवश्यकता, प्रजातिको प्रयोग आदिको ज्ञान यस क्षेत्रमा लागेका व्यक्ति तथा सङ्घ संस्थासँग कम भएको पाइन्छ । प्रजातिको पहिचानमा समस्या भएकोले फरक-फरक प्रजाति पनि एउटै नाममा बिक्री हुन्छन् । जस्तैः धुपजडी भुतकेशको नाममा बिक्री हुन्छ । त्यस्तै एकै प्रजातिको गै.का.व.पै.को पनि फरक-फरक नाममा बिक्री हुन्छ । जस्तैः कुट्की कुटुकोको र तेजपात सिन्कौलीको नाममा समेत बिक्री हुन्छ । स्थानीय मानिस र फिल्ड तहका वन प्राविधिकहरुमा गै.का.व.पै. को स्रोत सर्वेक्षण गर्ने क्षमता, साधन र तरिकाहरुको ज्ञानमा कमी छ भने उचित खेती गर्ने प्रविधी, वन व्यवस्थापनका साधन तथा तौर तरिकाको समेत अभाव छ । त्यस्तै स्थानीय स्तरमा रहेका ज्ञान र वाह्य प्रविधि तथा ज्ञान बीचको उचित तारतम्य र सम्बन्धको अभाव छ । स्थानीय व्यक्तिहरुसँग भएका ज्ञान तथा सीपहरु अव्यवस्थित छरिएका र स्थानीय स्तरमै सीमित भएका छन् भने वैज्ञानिक ज्ञान तथा सीप स्थानीय तहमा प्रयोग हुने अवस्थामा छैनन् । यसका साथै परिपक्क हुनु भन्दा अघि गलत तरिकाले फसल निकाल्नु, गलत स्रोत व्यवस्थापन हुनु, डढेलोको प्रकोप हुनु र अनियन्त्रित चरिचरण हुनु जस्ता कारणहरुले गर्दा स्रोतको अवस्था समेत खस्कँदै गएको देखिन्छ ।

## आर्थिक सवालहरु

नेपालमा व्यवसायिक दृष्टिकोणले महत्वपूर्ण गै.का.व.पै. मा आधारित उद्यम विकास कमै मात्र भएको छ। स्थानीय स्तरमा प्रशोधनका लागि उपयुक्त प्रविधिको अभाव खड्किएको छ भने राष्ट्रिय स्तरमा सरकारले सञ्चालन गरेको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड मात्र उद्योगको रुपमा स्थापित छ। यो सरकारी कम्पनिले पनि गै.का.व.पै प्रशोधन, बजार व्यवसथापन र अनुसन्धानमा आवश्यक काम गर्न सकेको छैन। गै.का.व.पै. सङ्कलनकर्ता र स्थानीय उत्पादक समुदायले पनि आफ्नो व्यवसायबाट पर्याप्त आर्थिक लाभ लिन सकेका छैनन्। एडवार्डस् (१९९६) का अनुसार प्राथमिक सङ्कलक तथा उत्पादनकर्ताले अन्तिम मूल्यको ३२% मात्र हिस्सा प्राप्त गर्दछन्। नेपालका सामुदायिक वन (सा.व.) उपभोक्ता समूहहरुले नीतिगत, आर्थिक तथा प्राविधिक सहयोग र उत्प्रेरणाको अभावले गर्दा गै.का.व.पै.को व्यवस्थापनमा त्यति ध्यान दिएको देखिंदैन। उदाहरणका लागि नवलपरासी जिल्लाको सुन्दरी सा.व.उ.स. ले १०० भन्दा बढी गै.का.व.पै.को प्रजाति पहिचान गरेको छ तर पनि यसको ध्यान सालको काठ उत्पादन र विक्री वितरणमा नै छ। जिल्ला वन कार्यालयको कार्यक्रम तथा बजेटलाई विचार गर्ने हो भने पनि गै.का.व.पै. व्यवस्थापन कार्यलाई कमै प्राथामिकता दिएको अभाष हुन्छ। गै.का.व.पै. को व्यवस्थापनमा कार्यरत स्थानीय जनता, सङ्कलनकर्ता, साना व्यापारी एवं सङ्घ संस्थालाई समेत गै.का.व.पै.को खास मूल्यको जानकारी हुंदैन। बजारीकरण प्रणाली कम पारदर्शी, कम उत्तरदायी तथा सङ्कलनकर्ता माथि शोषणयुक्त छ भन्ने कुरा विभिन्न अध्ययनहरुबाट देखिएको छ। नेपालमा गै.का.व.पै. को औद्योगिक उत्पादनको गुणस्तर खस्कदो छ जसले गर्दा अन्तर्राष्ट्रिय बजारमा समेत यी वस्तुको विश्वासनियता घट्दै जानुका साथै मूल्यमा समेत ह्रास आएको छ। उपयुक्त भण्डारण प्रविधि तथा सुविधा नभएकोले उत्पादनको गुणस्तर सम्बन्धी समस्या देखिएको हो (यस अङ्कको बन्जाडे र रेग्मीको लेख हेर्नुहोस)। गै.का.व.पै. सम्बन्धी उद्यम विकासका लागि उचित आर्थिक नीति (कर छुट, सहुलियत ऋण, अनुदान, आधारशिला निर्माण आदि) को अभाव हुनुका साथै भएका नीति एवम् प्रक्रियाहरु नियन्त्रणमुखी भएकाले प्रक्रिया पुऱ्याएर काम गर्न लामो समय लाग्ने, जटिल र खर्चिलो छ। यसको अलावा गै.का.व.पै को वर्तमान राजश्व दर तथा राजश्व दर निर्धारण प्रक्रिया मनासिब देखिंदैन। जस्तैः यार्सागुम्वाको राजस्व दर अत्यधिक छ जसले गर्दा गैह्र कानुनी विक्री वितरण एवम् ओसार पसार बढ्नुको साथै सरकारले राजस्व गुमाई रहेको छ। त्यस्तै केही गै.का.व.पै. हरु निजी जग्गामा उत्पादन भएता पनि विक्रि वितरणका लागि सरकारी वन सरह राजश्व तिर्नु परिराखेको छ जस्तैः रिठ्ठा। विभिन्न सरकारी निकायहरुले एउटै उत्पादनलाई विविध खालका कर लागू गरेका छन्। जस्तैः वन विभाग, जिल्ला विकास समिति, गाँउ विकास समिति, विद्यालयहरु, आदिले गै.का.व.पै.को आसार पसार गर्दा विभिन्न नाममा करहरु लिने गरेका छन्। सरकारले सा.व. मा समेत असान्दर्भिक करहरु लगाउने गरेको पाइन्छ। जस्तो सप्तरीमा भोर्लाको पात तथा बर्दियामा वेतमा ४०% कर लगाएको छ।

## सामाजिक सवाल

नीति निर्माणकर्ताहरुबाट विगतमा गै.का.व.पै. सँग सम्बन्धित नीति निर्माणको क्रममा निजीक्षेत्र एवं नागरिक समाजको भूमिका, सम्भाव्य योगदान र यससँग सम्बन्धित आवाज तथा चाहनाको कदर गरिएन जसले गर्दा ती क्षेत्रहरुलाई नीति नियमको जानकारी कम रहनुका साथै नीति प्रति अपनत्वको महशुस कम भएको आभाष पाइन्छ। बरु कतिपय अवस्थामा नीति नियमलाई आलोचनात्मक किसिमले विश्लेषण गरी नियन्त्रण एवम् अवरोधको रुपमा समेत लिइने गरेको पाइन्छ। बन्जाडे र साथीहरु (२००४) का अनुसार 'नीति निर्माताहरु नत जडीबुटी पाइने ठाउँमा पुग्छन् नत प्रतिक्रिया नै सुन्ने गर्दछन् तथा कुनै चित्तबुझ्दो र उचीत कारण बिना नै गै.का.व.पै.को सङ्कलन, प्रशोधन र निकासी आदिमा प्रतिवन्धको निर्णय लिन्छन्' भन्ने कुरा जुम्ला तथा नेपालगञ्जका व्यवसायिहरुले छलफलको क्रममा व्यक्त गरेका थिए। यस्ता अवैज्ञानिक आधारमा गरिएका प्रतिवन्धका निर्णयले स्थानीय जनताको जीविकोपार्जनका साथै राजश्व सङ्कलनमा समेत प्रतिकुल प्रभाव पारिरहेको हुन्छ। सरकारले पाँचऔले, ओखर र कुट्की

सङ्कलन गर्न तथा यार्सागुम्बा, झ्याउ, जटामसी, सर्पगन्धा, सुगन्धकोकिला, सुगन्धवाल, तालिसपत्र, लौठसल्ला र सिलाजितलाई प्रशोधन विना निकासी गर्न प्रतिवन्ध लगाएको छ । यसका साथै नीति निर्माता, प्रयोगकर्ता, व्यापारी र सङ्कलनकर्ता बीचमा गै.का.व.पै. को विकासको सिलसिलामा एकदमै झिनो संयोजन देखिन्छ भने गै.का.व.पै. को संरक्षण, फसल कटानी र बजार व्यवस्थाको कुनै अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभाव छ । सा.व. उपभोक्ता समूहको कार्ययोजनामा समेत गै.का.व.पै.को व्यवस्थापनलाई उचित स्थान दिएको पाइँदैन । गै.का.व.पै. माथि जनताको अधिकार सुनिश्चित गर्ने तथा यसको उचित व्यवस्थापन गर्ने स्थानीय संस्थागत व्यवस्थालाई पनि प्राथमिकता दिइएको पाइँदैन (लुइँटेल, २००२) ।

## नीति-अभ्यास सम्बन्ध

गै.का.व.पै.को दिगो व्यवस्थापनका वर्तमान नीति नियमहरुले माथि उल्लेखित सवालहरु उचित तवरले सम्वोधन गरेको पाइँदैन । केही ठूला नीतिगत कार्यपत्र जस्तैः वन विकास गुरु योजनामा गै.का.व.पै.को व्यवस्थापनको महत्व र यसले पारिस्थिकीय प्रणाली र जीविकोपार्जनमा दिन सक्ने योगदानको प्राथमिकताकासाथ उल्लेख गरेतापनि कार्यान्वयनको तहका ऐन तथा नियमावलीहरु जस्तैः वन ऐन, २०४९; वन नियमावली, २०५१; सा.व. निर्देशिका, २०५७; स्रोत सर्भेक्षण निर्देशिका, २०६१ आदिले भने यससँग सम्बन्धित पारिस्थिकीय प्रणाली एवं आर्थिक अवसरहरुको पर्याप्त रुपमा महत्व दिएको पाइँदैन । जस्तैः वन नियमावली, २०५१ गै.का.व.पै. को व्यापारिक सङ्कलनका लागि नियन्त्रणमुखी छ भन्ने कुरा राजस्वको निर्धारण, सङ्कलन तथा अप्रशोधित निकासीमा प्रतिबन्ध आदिको व्यवस्था भएबाट स्पष्ट हुन्छ । नीति नियमको कार्यान्वयनको सफलता स्रोत माथि आश्रित जनता तथा अन्य सरोकारवालाहरुको भनाई तथा दृष्टिकोणको सुनुवाई तथा समेटाइमा रहेको हुन्छ । स्रोत माथि आश्रित जनता, नागरिक समाज र निजी क्षेत्रको भनाई तथा दृष्टिकोणले नीति निर्माण प्रक्रियामा उचित स्थान पाउनका लागि वृहत सहभागिमूलक नीति निर्माण प्रक्रिया हुनु पर्दछ । नीति निर्माणमा सरोकारवालाहरुको संलग्नता नै वास्तवमा प्रजातान्त्रिक राज्यको आधारभूत मान्यता हो जसले सरोकारवालाहरुको नीति नियम माथि आफ्नोपन ल्याउँछ । सिद्धान्ततः राज्यले जनताको हितका लागि नीति, नियमको निर्माण गरेता पनि केन्द्रिय स्तरमा तयार भएका नीति नियम लक्षित समूह वा वर्गमा हुबहु सञ्चारित भएको पाइएको छैन । यसका साथै लक्षित समूहको पनि नीति नियम सम्बन्धी जानकारी र राज्यको सेवामा आवश्यक पहुँच भएको छैन । जडीबुटी तथा गै.का.व.पै. विकास नीति २०६१ को निर्माण प्रक्रियामा केही हदसम्म व्यापारीहरु, गैह्र सरकारी संस्था तथा सरकारी निकायको सहभागिता रहे पनि स्थानीय सङ्कलनकर्ता र समुदायको भावना प्रतिबिम्बित हुन सक्यो सकेन भन्ने कुरा अझै स्पष्ट छैन (यस अङ्कको पराजुली र लुइँटेलको लेख हेर्नुहोस्) ।

कार्यान्वयन तहमा हेर्ने हो भने नीति नियम र सरकारी कार्यक्रम बीच पनि तालमेल पाइँदैन । गै.का.व.पै.को क्षेत्रमा अलिक गहन दृष्टि दिने जो कसैलाई पनि सरकारले पर्यावरणीय कारण देखाइ स्रोत माथि संरक्षण र नियन्त्रण गर्न खोज्ने मनसाय राखेको छर्लङ्ग हुन्छ । जस्तैः सरकारले कुनै प्रजाति माथि प्रतिबन्ध लगाउँदा उक्त प्रजातिको संरक्षण राम्रो हुन्छ भन्ने सोच्दछ तर परिणाम यसको उल्टो आउँछ । यदि कुनै प्रजाति जनताको जीविकोपार्जनसँग गाँसिएको छ भने त्यसको सङ्कलन रोकिँदैन । केबल प्रतिबन्ध लगाउनाले समस्याको समाधान ननिकाल्ने, सरकार र स्थानीय जनता बीच मनमुटाव बढाउने तथा व्यापारीले सङ्कलनकर्ता माथि अतिरिक्त शोषण समेत गर्नसक्ने हुन्छ । मौजुदा कानुनी प्रवधान अनुसार गै.का.व.पै. सम्बन्धी व्यवसाय तथा उद्यम सञ्चालन गर्दा धेरै औपचारिकता पूरा गर्नु पर्ने तथा प्रशासनिक झै-झमेला झेल्नु पर्ने हुनाले निजी क्षेत्र दुरुत्साहित हुने स्थिति समेत आएको पाइन्छ । त्यसैगरी विभिन्न तहमा ज्ञानको अभावले पनि गै.का.व.पै.को दिगो व्यवस्थापनमा प्रतिकुल भूमिका खेलेको हुन्छ ।

## अग्रगामी बाटो

सहभागिमूलक अनुसन्धानद्वारा विभिन्न सरकोरवालाहरु बीच सिकाइ र ज्ञानको आदान प्रदान हुनु दिगो गै.का.व.पै. व्यवस्थापन तथा विकासका लागि एक सकारात्मक कदम हुन सक्छ । जडीबुटी तथा गै.का.व.पै. विकास नीति र यसको निर्माण प्रक्रिया एउटा सकारात्मक कुरा देखिए ता पनि त्यसको व्यवहारिक प्रयोगको प्रभावकारीता हेर्न बाँकी नै छ । माथि उल्लेखित सवालहरुलाई सम्बोधन गर्ने आधारभूत मार्ग भनेको गतिशील र सहयोगात्मक संस्थागत व्यवस्थाको स्थापना गर्नु र सम्बन्धित सरोकारवाला सङ्घ संस्था, निजी क्षेत्र, उपभोक्ता आदिको सक्रिय संलग्नतामा सकारात्मक नीति निर्माण गर्नु हो । विभिन्न सङ्घ संस्थाहरु जस्तैः वन उपभोक्ता समूह, सरकारी संयन्त्र, निजी क्षेत्र, गैह्रसरकारी संस्था, वन परियोजना तथा स्थानीय सङ्घ-संस्थाहरु गै.का.व.पै.को व्यवस्थापनमा भिन्न भिन्न भूमिकाका साथ संलग्न छन् । यी सङ्घ-संस्थाहरुको उद्देश्य, धारणा, मूल्य मान्यता एवं क्षमतामा विविधता हुनका साथै विभिन्न रुपले एक अर्कामा निर्भर तथा विशिष्ठ हुने भएकोले विभिन्न सरोकारवालाहरुको नीति निर्माण तथा कार्यान्वयनमा हुने सहकार्यबाट मात्र दिगो गै.का.व.पै. को व्यवस्थापन सम्भव छ । संयुक्त नीति निर्माण तथा कार्यान्वयनको प्रक्रियामा विभिन्न सरोकारवालाहरुको सहकार्य प्रमुख सर्त हुनुपर्दछ । सहकार्यका तौर तरिका र कार्य विधि नीति निर्माणको समयमा नै सजगताका साथ तर्जुमा गर्नु पर्ने हुन्छ (लुईंटेल र तिम्सिना, २००३) । आर्थिक रुपमा फाइदा देखेमा मात्र उपभोक्ताहरु गै.का.व.पै.को संरक्षणमा अग्रसर हुन्छन् भन्ने कुरा विगतका अनुभवबाट देखिइसकेकोले गै.का.व.पै.को व्यवस्थापनमा व्यवसायिक उद्यम विकास पनि एक उपयुक्त तरिका हुन सक्छ । यसका लागि आर्थिक मामिला सम्बन्धी उपयुक्त नीति बनाउनु पर्दछ । समय-समयमा नीति नियमका प्रभावहरु थाहापाउन संयूक्त रुपमा नीति माथि पुनरावलोकन तथा मूल्याङ्कन हुनु जरुरी हुन्छ । मूल्याङ्कनले नीति नियमले स्थानीय जनताको जीविकोपार्जन तथा स्रोतमा पारेको असर पहिचान गर्न, नीतिमा भएका कमी कमजोरी थाहापाउन र रचनात्मक नीति तर्जुमा गर्न मदत गर्दछ । सरकारले नीति मूल्याङ्कनका लागि उपयुक्त संयन्त्रलाई संस्थागत गर्नु पर्ने हुन्छ । सम्पूर्ण सरोकारवालाहरुलाई सक्रिय सहभागि गराउने हेतुले नियमित सम्पर्क, छलफल र भेटघाट गराउनु जरुरी छ । गै.का.व.पै.को व्यवस्थापनमा फसल कटाइ, पुनरोत्पादन, वृद्धि, बजारीकरणका क्षेत्रमा रहेका ज्ञानको कमीलाई पूरा गर्न सहभागिमूलक कार्य तथा अनुसन्धान र रचनात्मक परीक्षणको आवश्यकता छ । यसले गै.का.व. पै. सँग सम्बन्धित स्थानीय ज्ञान र वैज्ञानिक ज्ञानलाई गै.का.व.पै.को दिगो व्यवस्थापनमा समाहित गर्ने उपयुक्त संयन्त्रको पहिचान गर्दछ ।

## सन्दर्भ सामाग्री


जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति- २०६१, वन तथा भू-संरक्षण मन्त्रालय ववरमहल, काडमाडौं ।

वन ऐन, २०४९

वन नियमावली, २०५१

सा.व. निर्देशिका, २०५७

स्रोत सर्भेक्षण निर्देशिका, २०६१

Banjade, M.R., Dhakal, N. and Gautam, S. 2004. Study on Trade Pattern of Non-Timber Forest Products (NTFPs) in Jumla, Surkhet and Nepalgunj: Appropriate Policy Measures for Business Support and Trade Enhancement. Final Report. Prepared by ABTRACO for AEC/ FNCCI, Kathmandu, Nepal.

Bhattarai, B., Ojha, H, Banjade, M.R. and Luintel, H. 2003. The effect of NTFP market expansion on sustainable local livelihoods– A case of Nepal, A discussion note. Forest Resources Studies and Action Team

Edwards, D. M. 1996. Non-timber forest products fro Nepal: aspect of the trade in medicinal and aromatic plants. FORESC Monograph 1/96, Forest Research and Survey Center, Ministry of Forests and Soil Conservation, Kathmandu

Luintel, H. and Timsina, N. (2003). Strengthening Advocacy and Local Government Accountability Project: A reflective learning report. ForestAction.

Luintel, H. 2002. Issues and options of sustainable management of Himalayan medicinal herbs. The Journal of Forest and Livelihood Vol 2 (1): pp. 53-55.

Ojha, H. and Bhattarai, B. 2003. Learning to manage a comlex resource: a case of NTFP assessment in Nepal. International Forestry Review 5(2). 2003. pp. 119-127

Olsen, C. S. 1998. The trade in medicinal and aromatic plants from central Nepal to northern India. Economic Botany 52 (3): pp. 279-292

Poudyal, A.S. 2004. Sustainability of local hand-made paper (Nepali Kagat) enterprises: A case study of Dolakha District. Journal of Forest and Livelihood, 4(1). 64-69 pp.

Shrestha, G. L. and Shrestha, B. 1999. An overview of wild relatives of cultivated plants in Nepal. In Shrestha, R. and Shrestha, B. (eds.), wild relatives of cultivated plants in Nepal. Proceedings of national conference on wild relatives of cultivated plants in Nepal (June 2-4, 1999, Kathmandu). The Green Energy Mission/Nepal, Kathmandu. pp. 19-23

(लेखकहरु फरेष्टएक्सन काठमाडौंमा कार्यरत हुनुहुन्छ)